# रौतहट जिल्लाको दलित बस्तीमा गरिएको सामुहिक आक्रमणको

# स्थलगत अध्ययन प्रतिवेदन

# २०७०

<u>प्रतिवेदन तयार गर्ने</u>

## दलित नागरिक समाज

स्थलगत भ्रमण मिति : २०७० जेठ २८ र २९ गते

# रौतहट जिल्ला पिपरिया दोस्तिया गा.वि.स.का दलितहरु माथि जातीय विभेद तथा छुवाछुतको आधारमा गरिएको आक्रमणको स्थलगत अध्ययन प्रतिवेदन

## १. पृष्ठभूमि

रौतहट जिल्ला पिपरिया दोस्तिया गा.वि.स. वडा नं. ८ भिन्डावरमा मिति २०७० साल बैशाख ३० गते स्थानीय दलितहरुले मन्दिर प्रवेश गरेको विषयलाई लिएर शुरु भएको विवादका सन्दर्भमा इलाका प्रहरी कार्यलय गरुडामा पिडीत पक्षेले दिएको ठाडो निवेदन उपर समयमै समाधानको प्रयास नगर्दा विवाद वढ्दै गएको र पीडित पक्षले उक्त विषयमा सोही प्रहरी कार्यलयमामा लिखित जाहेरी दिए पश्चात पिडक पक्षबाट पीडितलाई जाहेरी फिर्ता लिन दवाव दिदा उनीहरु तयार नभएपछि आक्रोशित वनेका गैरदलित समुदायबाट २०७० जेष्ठ २४ गते स्थानीय दलित समुदायमाथि सामुहिक आक्रमणतथा कुटपिट-भएको हो । उक्त घटना स्थल जिल्ला सदरमुकाम गौरबाट ८ किलोमिटर टाढा रहेको छ साथै सो दलित बस्ती यादव जातीको वाहुल्यता रहेको गैर दलित समुदायको बिचमा रहेको छ । सो घटनामा घाईते भएकाहरुको रौतहट जिल्ला अस्पतालमा उपचार भैरहेको र दलितहरुमाथि गम्भीर अन्याय भएको भन्ने जानकारी स्थानीय दलित संघ–संस्थाहरु तथा विभिन्न सञ्चार माध्यम बाट प्राप्त भएपश्चात् जेष्ठ २७ गते दलितअधिकारका क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्था एवं नागरिक समाजका व्यक्तीहरुको आकस्मिक वैठक बसिब । घटनाको सत्य तथ्य पत्ता लगाउन स्थलगत अध्ययन गर्नका लागी भक्त विश्वकर्माको संयोजकत्वमा १० सदस्सीय छानविन समिति गठन गर्ने निर्णय गरे वमोजिम घटनास्थलको स्थलगत अवलोकन गरी सरोकारवाला व्यक्तिहरु, पीडित समुदाय तथा निकायहरुसंगको छलफल एवं अनुसन्धान पश्चात यो प्रतिवेदन तयार गरिएको छ ।

## २. स्थलगत अध्ययनको उद्देश्य

घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।

पीडकलाई कारबाही र पीडितलाई न्यायका लागि सम्बन्धित निकायमा पहल एवं शिफारिस गर्ने ।

घटनाका विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्ने ।

## ३. घटना मिति :

२०७० जेष्ठ २४ गते

## ४ स्थलगत भ्रमण मिति :

२०७० जेठ २८ र २९ गते

## ५. अध्ययन टोलीका सदस्यहरु

| | | |
|---|---|---|
| ज्ञ। | भक्त विश्वकर्मा | टोली संयोजक तथा अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ |
| द्द। | सेवल राम | उपाध्यक्ष, दलित गैरसरकारी संस्था महासंघ, (डिएनएफ) |
| घ। | रेम विश्वकर्मा | अध्यक्ष, जागरण मिडिया सेन्टर |
| द्ध। | सुशील विके | सचिव, (डिएनएफ) तथा अध्यक्ष, नेपाल दलित मानवअधिकार संगठन |
| छ। | कमला विश्वकर्मा | कोषाध्यक्ष, दलित महिला संघ |
| ट। | सन्तोष विश्वकर्मा | केन्द्रीय सचिव, दलित सेवा संघ |
| ठ। | प्रकाश नेपाली (अधिवक्ता) | समता फाउन्डेसन |
| ड। | राजेश बागचन | ल्यानकाउ, नेपाल |
| ढ। | दिपकराज तिमिल्सिना (अधिवक्ता) | नेपाल राष्टिय दलित समाजकल्याण संघ |
| **ज्ञण।** | अशोक दर्नाल | दलितअधिकारकर्मी |

## ६. तथ्य संकलन विधि

घटना विषयमा प्रकाशित सामग्रीहरुको अध्ययन

घटनास्थलको अवलोकन ।

घटनामा प्रत्यक्ष पीडित व्यक्तिहरु, प्रत्यक्षदर्शीहरु र स्थानीय गैरदलित समुदायका व्यक्तिहरुसँग भेटघाट तथा कुराकानी ।

स्थानीय प्रशासन, प्रहरी प्रशासन, नागरिक समाज, सञ्चारकर्मी तथा अन्य सम्बन्धित सरोकारवालाहरुसँग छलफल ।

## ७. मिति २०७० जेठ २४ को घटनाका पीडितहरुको विवरण

पिपरिया दोस्तिया गा.वि.स. ५ भिड्डावर वस्ने मुन्निलाल महरा, विन्ती महरा, उपेन्द्र महरा, बुदयाल महरा, गुरुदयाल महरा, पार्वतीदेवी चमइन, महावीर महरा, सुनितादेवी महरा, जितुनीदेवी महरा, भागवत महरा, जितुनीदेवी महरा, कमोधियादेवी महरा,सुनैनादेवी महरा, सीताकुमारी महरा, कुन्तीदेवी महरा, छोटेलाल महरा, कान्ती देवी महरा , चनरदेवी महरा, समेस्वर महरा, लालबाबु महरा,

## ८. घटना विवरण :

मिति २०७० साल बैशाख ३० गते रौतहट जिल्ला पिपरिया दोस्तिया वडा नं. ८ भिन्डावरमा झमकरामको छोरा उमेश रामको विवाहका क्रममा गाउँमा रहेको ब्रह्मभगवतिको मन्दिरमा बेहुलाका दिदिवहिनीहरु पूजाआजा गर्न जाँदा

सोही स्थानका यादव समेत थरका केही व्यक्तीहरुले उनीहरुलाई “तिमीहरु तल्लो चमार जातिका मानिसहरु हौ, तिमीहरुका पीता पुर्खाहरु पनि यस मन्दिरमा पस्दैनथे, बाहिर नै बसेर पूजा गर्थे, तिमीहरु पनि बाहिर नै वसेर पुजा गर, भित्र पस्यौ भने देउता छोइन्छ ” भनी मन्दिर प्रवेश गर्नलाई रोक लगाई जातीय विभेद तथा छुवाछूतपूर्ण व्यवहार गरेपछि उनीहरु वीचमा विवाद वढ्न गएको थियो । त्यस पछाडि अन्य गैर दलितहरु समेत आई हातपात गरि केही दलित समुदायका व्यक्तीहरुलाई कुटपिट समेत गरेको कारण उपस्थित दलित समुदायका व्यक्तिहरु सो स्थानबाट भागी आ-आफ्नो घरमा गएका थिए । घटनाको भोलिपल्ट अर्थात जेठ ३१ गते सोही घटनाको सम्वन्धमा पीडितहरुले गरुडा इलाका प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछूत सम्बन्धी, कुटपिटर शान्ति सुरक्षा कायम गरिपाउँ भनी ठाडो निवेदन दिएका थिए ।

सो निवेदनको आधारमा दलित र गैरदलित दुवैपक्षका व्यक्तिहरुलाई मिति २०७० जेष्ठ २ गते प्रहरीले आफ्नो कार्यालयमा बोलाई घटनाको विषयमा छलफल गराई जेठ १० गते भित्र जातीय भेदभाव तथा छुवाछूत -(कसुर र सजाय )ऐन २०६८ को वारेमा स्थानीय स्तरमा दलित तथा गैरदलित दुवै पक्षलाई  सचेतना कार्यक्रम गरी बातावरण सहज बनाउने  र जेठ १० गते स्थानीय दलितहरुलाई उक्त मन्दिरमा प्रवेश गराउने एवं गाउँमा शान्ति सुरक्षा कायम गरी भविष्यमा यस्ता घटना दोहोरिन नदिने भन्ने विषयमा छलफल  भएको थियो । तर छलफलमा उपस्थित गैरदलितहरुले गाउँका अन्य व्यक्तिहरुसँग पनि परामर्श गरेर मात्र कार्यक्रम गर्ने वताएकाथिए ।` जेठ १६ गतेसम्म पनि स्थानीय प्रहरी प्रशासन र गैरदलितहरुबाट  सो छलफल बमोजिमको कुनै काम कारवाही नभएपछि जेष्ठ १७ गते घटनाका सम्बन्धमा घटनाका आरोपित धर्मेन्द्र ठाकुर हजाम समेत ७ जनाका विरुद्धमा श्रीपतीदेवी चमार र सुशीला देवी चमारले  जातिय भेदभाव तथा छुवाछूत (कसुर र सजाय )ऐन २०६८ अनुसार पिडकहरुलाई कानूनी कारवाई गर्नका लागी गरुडा स्थित इलाका प्रहरी कार्यालयमा जाहेरी दिएका थिए । जेठ १७ मा जाहेरी परेपनि जेठ २४ गते सम्म  नत स्थानीय प्रहरी प्रशासनले कुनै आरोपितलाई पक्राउ गरेको देखिन्छ, नत दुवै पक्षलाई मिलाउन पहल नै गरेको देखिन्छ ।  वरु यो वीचको अवधीमा आरोपीत गैरदलित यादव समेतका समुदायहरुबाट दलितहरुलाई मुद्दा फिर्ता लिन दवाव दिदै ज्यान लिने सम्मको धम्की दिएको देखिन्छ । यो विषयमा  पीडितहरुले स्थानीय प्रहरी प्रशासनलाई मौखिक जानकारी गरे पनि प्रशासनले गम्भीरता पूर्वक नलिदा र पीडितहरुले जेष्ठ १७ को जाहेरी फिर्ता लिन तयार नहुँदा आक्रोशित गैरदलितहरुले मिति २०७० जेठ २४ गते साँझ करिव ५:३० बजेको समयमा यैजनाबद्ध किसिमले  सयौंको संख्यामा आई सिंगो दलित बस्तीमा आक्रमण गरिएको देखिन्छ । आक्रमणबाट ४० भन्दा वढिले कुटाइ खाएको र १८ ( २० जनाको घाजांच केश फारम भरिएको) जना अस्पताल भर्ना  भएका छन् । यसका अतिरिक्त सो आक्रमणबाट ६५ वटा घरको छानामा तोडफोड भएको, ६ वटा चापाकल भांचिएको, टि.भि.हरु तोडफोड भएको, घरभित्रका सरसामान, बाकस,  चुलो, भाँडाकुंडाहरु तोडफोड भएको,  अन्नपात र साइकल नगद तथा गरगहनाहरु लुटपाट भएको तथा पशु चौपाया माथि समेत कुटपिट गरिएको देखिन्छ ।

हाल सो स्थानमा थप झडप हुन नदिन र पीडितहरुको सुरक्षाको लागि स्थानीय प्रशासनले असई को कमाण्डमा १३ जना प्रहरीलालाई  खटाएको छ ।  आरोपित ४२ जना विरुद्ध जाहेरी परेको भएपनि २ जना आरोपि छोटेलाल यादव र राम राय यादवलाई मात्र प्रहरीले पक्राउ गरेको छ । दलित समुदायमा अझैपनि थप  आक्रमण हुने त्रास रहेको छ । प्रत्यक्ष अप्रत्यक्षरुपमा नाकाबन्दिको अबस्थामा दलितहरु रहेका छन् । आरोपितहरु गाउँ छोडेर अन्यत्रै भागेको स्थिति छ भने गाउँमा  महिला र बालबालिकाहरु मात्र रहेका छन् । विवादित मन्दिरमा गैरदलितबाट ताला लगाइएको छ भने महिला र बालबालिकाले मन्दिरलाई घेरा हालेर बसेका छन् । उनीहरुलाई आफूले गरेको गल्तीको महसुस र पश्चाताप समेत भएको देखिदैन । जिल्ला खानेपानीले पीडितका लागि ६ वटा खानेपानीको चापाकाल गाड्ने बाहेक अन्य कुनै सरकारी राहातको व्यवस्था गरिएको छैन । हालै गृहमन्त्रालयले ३ सदस्यीय छानविन समिति गठन गरेको छ । पीडित दलितहरुले दलित संघर्ष समिति निर्माण गरी न्यायको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएका छन् ।

## ९.  **घटनाका सम्बन्धमा सरोकारवालाहरुको भनाई :**

***नागेश्वर राम (उनेश रामको भाई)***  वैशाख ३० गते दाईउमेशको विवाह गरी गाउँ आउँदै गर्दा हाम्रा दीदिवहिनीहरुपूजा गर्न  व्रम्हमाइबाबाको मन्दिर भित्रपस्न खोज्दा सोही स्थानका यादव थरका केही महिलाहरु र विजय यादव लगायतका व्यक्तिहरुले “ चमारहरुले हाम्रो देउता छोयो, तिमीहरु तल्लो चमार जातिका मानिसहरु हौ, तिमीहरुका पीता पुर्खाहरु पनि यस मन्दिरमा पस्दैनथे, बाहिर नै बसेर पूजा गर्थे, तिमीहरु पनि बाहिर नै वसेर पुजा गर, भित्र पसेउ भने देउता छोइन्छ ” भनी मन्दिर पस्न दिएनन् । एकैछिनमा अन्य व्यक्तिहरु पनि आई हामीलाई घेराहाली कुटपिटको प्रयास गरे, हामी त्याहावाट भाग्यौं ।

***उर्मिलादेवि राम - उमेश रामकी आमा  ) :*** हाम्रो समुदायमा विवाहका कममा  दिदीवहिनी हरुले मााई र भगवती पुज्ने चलन हुन्छ । त्यही क्रममा वैशाख ३० गते व्रम्हमाइबाबाको मन्दिरमा हाम्रा दिदीवहिनीहरु अले पुजा गर्न खोज्दा चमारहरुले हाम्रो भगवानलाई छोयो भनेर उम्ले । हामीलाई विजय साह, गोरख राय, रामप्रवेश यादव, लक्ष्मीराय यादव, धर्मेन्द्र ठाकुर लगाएतका व्यक्तिले तिम्रा बाउ बाजेले पुजा गरेको थिएन, तिमीले नछोउ भने । हामीले हाम्रो पनि भगवान हो, हाम्रो पनि अधिकार हो भनेर माग गर्‍यौं । तिमीहरुको अधिकार छैन भन्दै हामीलाई उनीहरुले हमला गरेर लखेटे ॥ दलितको अधिकार हनन् भयो भनी इलाका प्रहरी कार्यालयमा निवेदन दियौं ।

***सत्यनारायणराम (स्थानीय):***  बैशाख ३१ गते उजुरी दिएपछि त्यसको दुई दिनपछि गरुडा प्रहरी कार्यालयमा १० गते हामीलाई मन्दिर प्रवेश गराउने भने पनि यादवहरु मानेनन् । त्यसपछि हामीले १७ गते जाहेरी दर्ता गरेउगरायौ । जाहेरी दर्ता भएपछि आक्रोशित भएर २/४ जनालाई कुटपिट गरेर भएपनि मन्दिर प्रवेश गर्न दिदैनौं भने । ह्दयनारायण यादवको निर्देशन र योजनामा यो २४ गतेको आक्रमणको घटना भएको हो । हाम्रो ६५ वटा घरको छानो र विभिन्न स्थानमा तोडफोड भएको छ । अहिले पनि उनीहरुले तिमीहरुलाई प्रशासनले कहिले सम्म बस्छ , भनेर गएपछि फेरि

आक्रमण गर्छौं, भनेर धम्की दिई रहेका छन् । सि.डि. ओ. र एस. पी. ले उनीहरुलाई कारवाही गर्छौं भनेका थिए, मान्छेहरु गौरमा नै छन् तर प्रहरी प्रसासनले पक्रदैनन् ।

*भोटलाल यादव (स्थानीय व्यक्ति) :* चमारले मन्दिरमा पुजा गरेका कारण यो घटना भयो ।

*मनिराम यादव :* मानव अधिकार भनेको के हो ? मानव अधिकार भनेको जवरजसी गर्ने हो र ? सवै मानवको एउटै व्यवहार हुनुपर्‍यो । एक हप्तामा मिल्ने भनेथ्यौं तर दलितहरु आएनन् । हाम्रा सवैलाई प्रशासनले लखेटेको छ । दुवै पक्ष बस्ने, सवैलाई मिलाएर हिड्ने बाटोमा छलफल हुनुपर्‍यो । दलित बस्तीमा तोडफोड र कुटपिट गर्नु गलत हो । सबैले पुजा गर्न पाउनुपर्छ तर मन्दिर प्रवेश गर्नुपुर्व छलफल गराएको भए राम्रो हुन्थ्यो । यसमा के भएको छ छानविन हुनुपर्‍यो । कहिलेसम्म भाग्ने, मिल्नुपर्‍यो ।

*रघुनाथ प्रसाद यादव (स्थानीय व्यक्ति) :* कस्तो कानून बनेको छ हामीलाई थाहा छैन । थाहा नभएको कारणले गर्दा पनि घटना भएको हो ।

*प्रभा सिङ (स्थानीय महिला पत्रकार) :* छुवाछूत आज मेरै अगाडि भयो । मेरै क्यामरा फुटाउन खोजे, जति सम्झाउँदा पनि मान्दैनन् । अहिले पनी मन्दिरमा जान दिदैनन्, मन्दिरको वरिपरी सवैले घेरे । चमारहरुले भनेको भरमा सवै पुलिस लिएर आउँछन् भनेर भने । अहिले त यस्तो छ अरुवेला कस्तो होला ।

*दिल ब. घिमिरे (.प्र..जि..अ. रौतहट) :* घटना आफैमा नराम्रो हो । हामीले पनि स्थलगत रुपमा भेटघाट गर्‍यौ । भबिष्यमा यस्ता घटना दोहरीन नदिन सचेतता अपनाई असुरक्षा नहोस भनेर प्रहरीलाई राखीएको छ । दोषीलाई कानूनी दायरामा ल्याउछौ। २ जना पक्राउ परेका छन् । घाईते हरुलाई स्थालगत रुपमा भेटेर उपाचारको व्यवस्था मिलाईएको छ । २ जनाको बढी चोट छ । उनीहरुको उपचारभैरहेको ै छ, त्यहा कसरी पुनस्थापना गर्ने भन्ने सम्बन्धमा हाम्रो चासो रहेको छ । मन्त्रालय स्तरको छानबिन समिति गठन को लागी माग गरेका थियौ गठन भएर आईसकेको छ । १९ वटा घरमा बढी क्षेती पुगेको छ । १६ जना अस्पतालमा छन् । प्रहरी समयमा पुगेको थियो । हामी यस घटनामा बहुत सिरियस छौ ।

*गोबिन्द राम परियारः (एस.पि.)* : दुर्भाग्यबस जघन्य अपराध भयो ।पहिले नै ज्याल मार्ने उधोग सम्बन्धि मुद्दा दर्ता गरिएको थियो र हिजो मात्र ा ज्यान, डकैति र छुवाछुतको जाहेरी आएको थियो र सो पनि दर्ता भएको छ । । दाषीहरु भागाभाग छन् । टाइममा सम्बोधन नभए अन्य जिल्लामा पनि हुन सक्छ । अनुसन्धानको पार्टलाई दरिलो बनाउँछौं । मैले सिभित प्रहरीहरु पनि खटाएको छु, घरहरुमा छापा मारेको छु , मैले जसरी पनि केही दिन भित्र पिडकहरुलाई पक्रन्छु र कानुन अनुसार कारवाही गर्छु ।

***डाक्टर कौसर आलम ( जिल्ला अस्पताल रौतहट)*** अहिले १८ जना यहाँ भर्ना भई उपचार गराईरहनु भएको छ । २० जनाको केश फाराम छ । घाइतेहरु मध्ये ३ जनाको अवस्था अलि गम्भिर थियो । अहिले सामान्य भैरहेको छ । कसैको पनि अहिले अवस्था चिन्ताजनक छैन । जुनसुकै बेलापनि घर जान सक्नुहुन्छ ।

***सई सकेन्द्र यादव -इ्लाका प्रहरी कार्यलय गरुडा ) :*** मन्दिरको पहिलो घटना २०७० वैशाख ३० गते भएको हो । ३१ गते ठाडो निवेदन आयो । जेष्ठ २ गते प्रहरीको पहलमा छलफलको लागि दुवै पक्षलाई बोलाइयो र छुवाछूत ऐन सम्बन्धमा सचेतना गराउने र १० गते दलितहरुलाई मन्दिर प्रवेश गराउने भनिएको थियो तर गराउन सकिएन, किन भएन मलाई थाहा भएन जेठ १७ गते जातीय विभेद तथा छुवाछूत कसुर सजाय ऐनको आधारमा जाहेरी दर्ता भएको छ । दर्ता नं. ४८ हो यसको लागि प्रकृया अगाडि वढाएर अनुसन्धानको लागि भेषराज अर्यालिलाई तोकिएको छ । जेठ २४ गतेको घटना भएपछि सुन्नासाथ पुगेको हो । ***विपिनगौतम (सञ्चारकर्मी ): घटना निन्दनिय छ ।*** घटनाका दाषीलाई कडा कारवाई हुनैपर्छ र पिडितलाई न्याय दिनुपछ । टनालाई राजनीतिकरण गर्न खोजिएको छ । हृदयनारायण घटना हुँदाका वखत त्यहा थिएनन् तर उनलाई मुख्य दोषी मानिएको छ । गाउँमा अघोषित रुपले नाकावन्दी गरिएको छ । यादवहरु पनि आफ्नो समुदायमा वसेर कसरी अगाडि वढ्ने भनेर रणनीति बनाउँदै छन्, यसले द्धन्न भन बढाउन सक्छ । पीडितहरुलाई गाउँमा बस्ने बातावरण हुने किसिमले दुवैपक्षलाई राखेर वार्ता गराउने हामी पहल गरिरहेका छौं तर घटनाका दाषीलाई कडा कारवाई हुनैपर्छ । सवैले यसमा सहयोग गर्नुपर्‍यो ।

**१०. <u>अनुगमनका क्रममा भेटिएका तथ्यहरु :</u>**

(१) मिती २०७० साल वैसाख ३० गतेका पिपरिया दोस्तीया गा.वि.स.वडा नं. ८ भिन्डावर स्थित ब्रहम भवानी मन्दिरमा पुजा गर्नका लागि प्रवेश गर्न लाग्दा "**तिमी दलितहरु, अछुतहरु मन्दिर भित्र जाँन हुँदैन, तिमीहरुका बाउबाजे पनि पसेनन् तिमीहरु पनि पस्न पाउँदैनौ**" भनी जातीय विभेद गरेको कारण विवाद भई घटना सुरुभएको देखिदा सार्वजनिक मन्दिरमा दतिहरुलाई प्रवेश निषेध गरी जातीय विभेद तथा छुवाछूत गरेको देखिएको ।

(२) जातीय विभेद तथा छुवाछूतको सम्बन्धमा पीडितहरुले २०७० जेठ १७ गते जाहेरी दर्ता गराएपछि पटकपटक गैरदलित समुदायबाट जाहेरी फिर्ता गराउनको लागि डर, धाक तथा धम्किपुर्ण तरिकाले दवाव दिंदै आएको र गैरदलित समुदायको उक्त दवावलाई वेवास्ता गर्दै पीडित दलितहरुले जाहेरी फिर्ता नगर्दा गैरदलित समुदायबाट जेठ २४ योजनावद्ध रुपमा दलित समुदायमाथि हिंस्रक तरिकाले आक्रमण भएको देखिएको ।

(३) घटनास्तल निरिक्षण गर्दा पीडितहरुको घर तोडफोड भएको, पशुचौपाया माथी आकमण गरिएको, घरभित्र रहेका अन्नपात लुटिएको, घरभित्र रहेका टेलिभिजन, साईकल, चापाकल, लगायतका अन्य सरसामानहरु तोडफोड भएको र करिव ६५ वटा घरहरु तोडफोड भएकोमा १९ वटा घरहरुमा वढी क्षती भएको देखिएको ।

(४) जेठ २४ गतेको आक्रमणबाट दजनौंको संख्यामा दलित महिला, पुरुष, बृद्धा समेत घाईते भएका र घाईते मध्य ३ जनालाई गम्भीर प्रकारले चोट लागेको र हाल जम्मा १८ जना घाइतेको रौतहट जिल्ला अस्पतालमा उपचार भैरहेको ।

(५) घटना स्थलको अध्ययन गर्दा पीडित परिवारहरु अझै पनि गैरदलित समुदायबाट थप आक्रमण तथा दुर्व्यवहार हुने आशंकाले त्रसित तथा सशंकित रहेको र गैरदलितहरु अझै आक्रोशित हुदै डरधम्की देखाउने र आफ्नो समुदायबाट भएको ज्यादती तथा अन्यायलाई समेत स्वीकार्ने मनस्थितीमा रहेको नदेखिएको । साथै स्थानिय गैरदलितहरुले घटनाको अनुगमन गर्न पुगेका सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरुलाई पनि दुरव्यवाहार गरेको पाइयो ।

(६) पीडितहरुका भनाई अनुसार पहिलो घटना (मिती २०७० वैशाख ३० गते) भएपश्चात् प्रहरी प्रशासनलाई घटनाको सम्बन्धमा जानकारी गराउँदा समेत घटनाको सम्बन्धमा प्रभावकारी ढंगले कारवाही अगाडी बढाउन नसकेको कारण दोस्रो घटना हुन गएको र दोस्रो घटना (मिती २०७० जेष्ठ२४ गते) पश्चात् पनि प्रहरी प्रशासन अपेक्षाकृतरुपमा सम्वेदनशील हुन नसकेको भन्ने बुझियो ।
समयमै प्रशासनले ध्यान नपुरयाउने हो भने कुनै पनि वेला पुन घटना हुन सक्ने, सामाजिक सद्भावमा दखल पुग्न सक्ने तथा धनजनको क्षती हुन सक्ने देखिन्छ ।

(७) वर्तमान समयमा सम्पुर्ण दलित बस्तिमाथी प्रत्यक्ष/अप्रत्क्षरुपमा नाकाबन्दी गरिएको अवस्था रहेको छ । जसका कारण कमजोर अवस्थामा रहेका दलितहरुलाई ज्याला मजदुरी गर्न, किनमेल गर्न, वरपर हिडडुल गर्न,दिसा पिसाव गर्न, गाई वस्तु चराउन, औषधी उपचार तथा अन्य काम गर्न समेत कठिनाई भएको पाइएको छ ।

(८) गैर दलित समुदायका व्यक्तिको अभिव्यक्ति तथा व्यवहार र विगतका समेत घटनाहरुको विश्लेषण गर्दा समाजमा जातिय विभेद तथा छुवाछुत अति जरा गाडेर वसेको पाइयो ।

(९) दलितहरु प्रवेश गर्दा विवाद सृजना भएको व्रहमभगवती मन्दिर वन्द रहेको पाइयो । अहिले पनि सो मन्दिरलाई सयौको संख्यामा महिला तथा वालवालिकाले घेर हाली रोक्ने छेक्ने गरिएको पाइयो ।

(१०) हाल सम्म जिल्ला खानेपानीले केही चापाकलको मर्मत गरेको भए पनि अन्य कुनै पनि किसिमको राहत तथा सहयोग पीडितहरुले प्राप्त गर्न सकेका छैनन् ।

(११) अहिले पीडितहरुले चोरी लुटपाट,डाँका, ज्यान मार्ने उद्योग, र छुवाछुत सम्वन्धी जाहेरी प्रहरीमा दर्ता गराएको र २ जनालाई मात्र प्रहरीले गिरफ्तार गरेको र वाँकी आरोपीहरुलाई गिरफ्तार गर्न नसकेको भेटियो ।

(१२) घटनाका आरोपीहरु फरार रहेको भेटियो ।

(१३) न्यायका लागि स्थानिय दलितहरुले संघर्ष समितिको निर्माण गरी आन्दोलनका कार्यक्रमहरु अगाडि वढाएको पाइयो ।

(१४) महिला र बालबालिकाहरु थप पीडित र उच्च जोखिममा रहेको पाइयो ।

## ११ सुझावहरुः तथा निश्कर्ष

यस घटनाले आम दलितहरुको आत्मसम्मानमा चोट पुऱ्याएको मात्र छैन सम्पूर्ण नेपालीको शिर समेत झुकाएको छ । मानव अधिकारको गम्भिर उपहास भएको यस घटनाले सरकारले हालसम्म गरेका प्रतिवद्धताको उपहास गरेको र कार्यान्वयनमा चुनौति खडा गरेको ठहर गरिएको छ । दलितहरुको मानव अधिकार संरक्षणका लागि सरोकारवालाहरुले निम्न पहल कदमी लिन आवश्यक छ ।

१ घटनाको निष्पक्ष छानविन गर्न दलित नागरिक समाजको समेत सहभागिता रहने गरी उच्च स्तरिय छानविन आयोग गठन गरिनुपर्ने ।

२ पीडकहरुलाई अविलम्व गिरफ्तार गरी जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लगायतका ऐनका आधारमा पीडकलाई हदैसम्मको कारवाही गरिनु पर्ने । साथै छुवाछुत अन्त्य गर्नका लागि सरकारले विषेश योजना र प्रयाप्त वजेटको व्यवस्था गर्नु पर्ने र पीडितहरुलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने ।

३ दलित वस्ती माथी प्रत्यक्ष/अप्रत्क्षरुपमा नाकाबन्दी गरेका कारण कमजोर अवस्थामा रहेका दलितहरुलाई ज्याला मजदुरी गर्न, किनमेल गर्न, वरपर हिडडुल गर्न,दिसा पिसाव गर्न, गाई वस्तु चराउन, औषधी उपचार तथा अन्य काम गर्न समेत कठिनाई भएकोले सो तत्काल हटाइ घटनाका पीडितहरुलाई तत्काल राहत उपलव्ध गराउँदै आवश्यक शान्ति शुरक्षाको प्रत्याभूति गरिनु पर्ने ।

४ यसप्रकारका छुवाछुत तथा नाकावन्दी गर्ने जस्त घटनाले पीडित दलित समुदायहरुको स्वतन्त्रता पूर्वक वाँच्न पाउने मौलिक अधिकार, स्वतन्त्रता पूर्वक हिडडुल तथा आवत जावत गर्न पाउने, पेशा व्यवसाय गर्न पाउने, र आफूले इच्छाएको धर्मको स्वतन्त्रता पूर्वक अभ्यास गर्न पाउने समेतका मौलिक हकको हनन भएको हुँदा अविलम्व राज्यवाट सो को उपयोग गर्न पाउने अधिकारको सुनिश्चितता गरिनुपर्ने

५ यस्ता किसिमका घटनाहरु भविष्यमा दोहोरिन नदिन र समाजमा सद्भाव कायम राख्न स्थानिय प्रशासनको नेतृत्वमा सचेनामुलक विशेष अभियान सन्चालन गर्नुपर्ने ।

६. राष्यिय मानवअधिकार आयोग, दलित आयोग तथा अन्य मानवअधिकार संघ सस्थाहरुले पीडितलाई न्याय दिलाउन र छुवाछुतका घटनामा कमी ल्याउन विषेश पहल गर्नुपर्ने ।

७. तराई मधेशमा छुवाछुतका घटनाहरु वढी हुने भएकोले मुलरुपमा मधेशी दलहरु र अन्य राजनीतिक दलहरुले पनि छुवाछुतको अन्य गर्न विषेश नीति वनाएर देश व्यापी रुपमा अभियान संचालन गर्नुपर्ने ।

**अध्ययन टोलीका सदस्यहरु**

| | | |
|---|---|---|
| ज्ञज्ञ। भक्त विश्वकर्मा | टोली संयोजक तथा अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ | |
| ज्ञद्द। सेवल राम | उपाध्यक्ष, दलित गैरसरकारी संस्था महासंघ, (डिएनएफ) | |
| ज्ञघ। रेम विश्वकर्मा | अध्यक्ष, जागरण मिडिया सेन्टर | |
| ज्ञद्ध। सुशील विके | सचिव, (डिएनएफ) तथा अध्यक्ष, नेपाल दलित मानवअधिकार संगठन | |
| ज्ञछ। कमला विश्वकर्मा | कोषाध्यक्ष, दलित महिला संघ | |
| ज्ञट। सन्तोष विश्वकर्मा | केन्द्रीय सचिव, दलित सेवा संघ | |
| ज्ञठ। प्रकाश नेपाली (अधिवक्ता) | समता फाउन्डेसन | |
| ज्ञड। राजेश बागचन | ल्यानकाउ, नेपाल | |
| ज्ञढ। दिपकराज तिमिल्सिना (अधिवक्ता) | नेपाल राष्टिय दलित समाजकल्याण संघ | |
| द्दण। अशोक दर्नाल | दलितअधिकारकर्मी | |

**१२. अनुसूचि :**

**अध्ययन भ्रमण गरिएका स्थानहरु तथा निकायहरु**

घटनास्थल,

जिल्ला अस्पताल, रौतहट

जिल्ला प्रहरी कार्यालय, रौतहट

जिल्ला प्रशासन कार्यालय, रौतहट

ईलाका प्रहरी कार्यालय गरुडा, रौतहट

स्थानीय दलित अधिकारकर्मी

स्थानीय संचारकर्मी

दलित संघर्ष समितिका पदाधिकारी

घटनाका पीडित तथा पीडित परिवारका सदस्यहरु

घटनास्थलका गैरदलित समुदायका व्यक्तिहरु

प्रत्यक्षदर्शी

मिति ः २०७० जेठ २९गते

प्रेस विज्ञप्ती

जिल्ला रौतहट गा.वि.स. पिपरिया वडा नं. ५ भिण्डावर स्थित व्रम्हस्थानमा मिति २०७० बैशाख ३० गते स्थानीय दलित समुदायमाथि गैरदलित समुदायका मानिसहरुले दुव्यावहार गरी मन्दिर प्रवेशमा रोकलगाएको घटनाबाट सुरुभएको विवाद पश्चात मिति २०७० जेठ २४ गते उक्त दलित वस्तीमा स्थानीय गैरदलित समुदायबाट भएको आक्रमणको सम्बन्धमा हामी दलित नागरिक समाजको प्रतिनिधिहरुबाट मिति २०७० जेठ २८ गते घटना स्थलमा गई घटनास्थलको
बस्तुस्थिति बुझ्ने, पीडित दलित परिवार, आरोपित समुदायका व्यक्तिहरु, प्रहरी प्रशासन, प्रमुख जिल्ला अधिकारी, स्थानिय दलित अधिकारकर्मी र स्वयं पीडित घाइतेहरुसंग घटनाको यथार्थततालाई बुझ्दा घटनाको सम्बन्धमा निम्न कुराहरु पाइएको छ ।

(क) मुख्य ठहरहरु ः

(१) दलितहरु सार्वजनिक मन्दिरमा पुजा गर्नका लागि प्रवेश गर्न लाग्दा “तिमी दलित अछुतहरु मन्दिर भित्र जाँन हुँदैन, तिम्रो बाउबाजे पनि पसेनन् तिमीहरु प्नि पस्न पाउँदैनौ” भन्दै विवाद भई घटना सुरुभएको देखिदा सार्वजनिक मन्दिरमा दतिहरुलाई प्रवेश निषेध गरी जातीय विभेद तथा छुवाछूत  गरेको देखिएको ।
(२) जातीय विभेद तथा छुवाछूतको सम्बन्धमा पीडितहरुले २०७० जेठ १७ गते जाहेरी दर्ता गराएपछि पटकपटक गैरदलित समुदायबाट जाहेरी फिर्ता गराउँनको लागि दवाव दिंदै आएको र पीडित दलितहरुले जाहेरी फिर्ता नगर्दा गैरदलित समुदायबाट जेठ २४ योजनावद्ध रुपमा दलित समुदायमाथि आक्रमण गरिएको ।
(३) घटनास्तल निरिक्षण गर्दा पीडितहरुको घर तोडफोड, पशुचौपाया कुटिएको, घर रहेको अन्नपात लुटिएको, घरभित्र र बाहिर रहेका टेलिभिजन, साईकल, चापाकल, लगाएतका अन्य सरसामानहरु तोडफोड भएको देखिएको ।
(४) जेठ २४ को आक्रमणबाट दजनौंको संख्यामा दलित महिला, पुरुष, वृद्ध, बृद्धा समेत आक्रमणको शिकार भएको र सो मध्य हालसम्म पनि १८ जना घाइतेको रौतहट जिल्ला अस्पतालमा उपचार भैरहेको ।
(५) घटना स्थलको अध्यान गर्दा पीडित परिवारहरु अझै पनि गैरदलित समुदायबाट थप आक्रमण तथा दुर्व्यवहार हुने आशंकाले त्रसित तथा सशंकित रहेको र गैरदलितहरु अझै आक्रोशित हुदै डरधम्की देखाउने र आफ्नो समुदायबाट भएको ज्यादतीलाई समेत स्वीकार्ने मनस्थिामा नरहेको देखियो ।
(६) पीडितहरुका अनुसार पहिलो घटना भएपश्चात् प्रहरी प्रशासनलाई घटनाको सम्बन्धमा जानकारी गराउँदा समेत घटनाको सम्बन्धमा प्रभावकारी कारवाही अगाडी बढाउँन नसकेको कारण दोस्रो घटना हुन गएको े । साथै दोस्रो घटना पश्चात् पनि प्रहरी प्रशासन अपेक्षाकृत सम्वेदनशील हुन नसकेको

(ख) घटनाका सम्बन्धमा सुझावहरु ः

(१) जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ बमोजिम पीडकहरुलाई हदैसम्मको कारवाही गरिनु पर्ने ।
(२) घटनाका पीडितहरुलाई तत्काल राहत उपलव्ध गराउँदै आवश्यक शान्ति शुरक्षाको प्रत्याभूति गरिनु पर्ने ।
(३) यस्ता किसिमका घटनाहरु भविश्यमा दोहोरिन नदिन र समाजमा सद्भाव कायम राख्न प्रशासनले सचेतनामुलक विशेष अभियान सन्चालन गर्नुपर्ने ।

दलित नागरिक समाजको तर्फबाट घटना अध्ययानमा संलग्न व्यक्तिहरुः
भक्त विश्वकर्मा टोली संयोजक
सेवल राम
रेम विश्वकर्मा
सुशील विके
सन्तोष विश्वकर्मा
प्रकाश नेपाली (अधिवक्ता)

राजेश बागचन

दिपकराज तिमिल्सिना (अधिवक्ता)

अशोक दर्नाल (दलितअधिकारकर्मी)

मिति ः २०७० जेठ २८ गते

प्रेस विज्ञप्ति

रौटहट पिपरिया ८ मा गत शुक्रबार राति दलित समुदायमाथि स्थानीय गैर दलित समुदायद्वारा गरिएको आक्रमण तथा कुटपिटको घोर भत्र्सना गर्दै दलित नागरिक समाजद्वारा गत २७ जेठदेखि घोषणा गरिएको आन्दोलन पश्चात् नागरिक समाजका प्रतिनिधि, माननीय गृहमन्त्री र मुख्य सचिवबीच भएको वार्तापश्चात् नागरिक समाजले उठाएका मागहरुप्रति सकारात्मक हुँदै उक्त मागलाई सम्बोधन गर्नेगरी मिति २०७० जेठ २८ गते गृहमन्त्रालयद्वारा जारी गरिएको विज्ञप्तिप्रति दलित नागरिक समाज सकारात्मक छ । यसअघि दलित नागरिक समाजले सरकारसमक्ष घटनामा संलग्न दोषिलाई पक्राउ गरी कानुनी कारवाही गरिनुपर्ने, पीडितको जीवन सुरक्षाको सुनिश्चितता गर्नुपर्र्ने, घाइतेहरुको तत्काल उपचारको व्यवस्था गर्नुपर्र्ने, पीडितलाई तत्काल राहतको व्यवस्था गरिनुपर्ने, तोडफोड भएका घरहरुको सरकारी तर्फबाट पुनर्निर्माणका लागि अविलम्ब पहल गरिनुपर्ने, घटनाको सत्यतथ्य अनुसन्धान गर्न सरकारीस्तरबाट उच्चस्तरीय समिति गठन गरिनुपर्ने र जातीय छुवाछूतलाई केन्द्रविन्दुमा राखेर व्यवहारतः जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्न सरकारीस्तरबाट दीर्घकालीन योजना निर्माण गर्न दलित समुदायकोे सहभागितासहित उच्चस्तरीय कार्यदल निर्माण गरिनुपर्र्ने माग प्रस्तुत गरेको थियो ।

सरकारले पीडितलाई न्याय दिनका लागि उठाइएका सम्पूर्ण मागहरुको सम्बोधन गर्नुका साथै अबउप्रान्त समाजमा व्यप्त जातीय भेदभाव तथा छुवाछूतका घटनाहरुलाई योजनाबद्ध तरिकाले अन्त्य गर्नको लागि जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन) २०६८ को प्रभावकारी कार्यान्वयन, यसभन्दा अगाडि दलित उत्थानसम्बन्धमा भएका प्रतिवेदनसमेत अध्ययन गरी दलित समुदायको उत्थान र विकासका लागि सुझावसहितको कार्यान्वयन योजना बनाउनका लागि दलित समुदायकोसमेत प्रतिनिधित्व रहने गरी एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रक्रिया सुरु गरिएको कुरा सकारात्मक छ ।

अब दलित नागरिक समाजद्वारा पूर्व घोषित निषेधित क्षेत्र तोड्ने कार्यक्रम तत्काल स्थगित गरिएको र अन्य जागरणमूलक कार्यक्रमहरुलाई निरन्तरतादिइने जानकारी गराउन चाहन्छौं । यसका साथै यस आन्दोलनको सफलताका लागि प्रत्यक्ष वा अप्रत्यक्ष सहभागि भएर ऐक्यवद्धता जाहेर गर्दै आन्दोलनमा सहभागि हुने दलित आन्दोलनकर्मी, मानवअधिकारकर्मी, सञ्चारकर्मी, राजनीतिकर्मी र मिडियालगायतका सबै न्यायको पक्षमा लड्नुहुने तपाईंसबैमा हार्दिक धन्यवाद टक्रयाउन चाहन्छौं । व्यवहारतः समाजबाट जातीय भेदभाव तथा छुवाछूत अन्त्य नहुँदासम्म यहाँहरुको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

दलित नागरिक समाजका तर्फबाट

गजाधर सुनार

अध्यक्ष दलित गैरसरकारी संस्था महासंघ

## दलितलाई कुटपिट गर्दै घर तोडफोड

शिव पुरी

रौतहट, जेष्ठ २५ - कथित उपल्लो जातिका मानिसले शुक्रबार राति यहाँको एक दलित बस्तीमा तोडफोड तथा लुटपाट गर्दै दलितमाथि आक्रमण गरेको छ । आक्रमणमा एक दर्जन बढी दलित घाइते भएका छन् । प्रहरीले घट्नामा संलग्न दुईलाई पक्रेको छ ।

जिल्लाको पिपरिया दोस्तिया गाविस-८ भिङ्गडावर गाउँका दलितबस्तीमा कथित उपल्लो जातिको एक समूहले आक्रमण गरी १४ जनालाई घाइते बनाएको हो । घाइतेको गरुडास्थित अनामिका र गौर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

'सिङ्गो गाँउ उल्टिएर आक्रमण गरे,' घाइते दलित गुरुदयाल रामले भने, 'दलित बस्तीमा उनिहरुले तोडफोड र लुटपाट गर्दै सबै धारा खोलेर लगेका छन् ।' दलित बस्तीका धारा खोलेर लगेपछि उनीहरुले २० घण्टादेखि पानी समेत खान पाएको छैन । दलित बस्तिमा सन्त्रास छाएपछि केही दलितहरु उपल्लो जातिका मनिसको आक्रमणको डरले गाउँ छाडेका छन् । बिहान उपल्लो जातका मानिसले दलितलाई बाटो हिँड्न रोक लगाएपछि तनाब उत्पन्न भएको हो । त्यसपछि साँझ उनीहरुले आक्रमण र तोडफोड गरे पीडित सत्यनारायण रामभने घर भित्र पसेर अन्नपात र समानहरु तोडफोड गरेर हिडे ।

गत बैशाख ३१ गते गाउँका दलित झमक रामको छोरा उमेश रामको विवाहमा जन्ती बिदाइको क्रममा नजिकको ब्रम्हस्थान भगवति मन्दिरमा पूजा गर्न जादा कथित उपल्लो जातिका मानिसले रोक लगाउदै कुटपिट तथा दुर्व्यवहार गरेको घट्ना पछि प्रहरीमा जाहेरी दर्ता गरेको भन्दै प्रतिसोध साध्न उपल्लो जतिका मानिसले आक्रमण गरेको घाइते बृद्धा जितनीदेवी रामले बताइन् । सामान्य घाइते जितनीदेवी हाल गरुडामा उपचार गराइरहेकी छन् । मन्दिर प्रवेशको मुद्धा फिर्ता लिन उपल्लोजातका मानिसले दलितलाई पटक पटिक दवाव दिएका थिए । तर दलितहरुले मुद्धा फिर्ता नलिने अडान लिएपछि आक्रमणको शिकार भएको दलित नेटवर्कका धर्मेन्द्र पासवानले बताए । उनले भने, 'जिल्लामा दलितमाथि आक्रमणको भएको यो ठुलो घट्ना

हो ।' घट्नामा संलग्न स्थानिय छोटेलाल यादव र रामदेव यादवलाई पक्राउ गरिएको प्रहरी प्रमुख एसपी गोविन्दराम परियारले जानकारी दिए ।
घट्नास्थल पुगेका प्रमुख जिल्ला अधिकारी दिलबहादुर घिमिरेले दलितमाथि भएको कुटपिट लुटपाटको घट्ना अत्यन्तै जघन्य भएको बताए । उनले घट्नामा सलग्नलाई पक्रेर कारबाही गरेर छाड्ने प्रतिबद्धता जनाएका छन । 'केही पागलको दुस्प्रयासले दलितमाथि आक्रमण गरे,' उनले भने, 'सुरक्षाकर्मीको तागत देखेका रहेछन् अब थाहा पाउछन् ।'  घट्नापछि दलित बस्तीमा चन्द्रनिगाहपुर ,गरुडा, कटहरिया र जिल्लाबाट ठुलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको छ ।
६५ घर परिवार रहेको दलित बस्तीमा सबै घरमा तोडफोड भएको छ । अधिकारकर्मी विपिन गौतमले भने, 'घट्ना अत्यन्तै सुनियोजित छ दोषिलाई कारबाही हुनु पर्छ ।'

**अध्ययन टोलीका सदस्यहरु**

द्ज्ञ। भक्त विश्वकर्मा — टोली संयोजक तथा अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

द्द। सेवल राम — उपाध्यक्ष, दलित गैरसरकारी संस्था महासंघ, (डिएनएफ)

द्घ। रेम विश्वकर्मा — अध्यक्ष, जागरण मिडिया सेन्टर

द्ब। सुशील विके — सचिव, (डिएनएफ) तथा अध्यक्ष, नेपाल दलित मानवअधिकार संगठन

द्छ। सन्तोष विश्वकर्मा — केन्द्रीय सचिव, दलित सेवा संघ

द्ट। प्रकाश नेपाली (अधिवक्ता) — समता फाउन्डेसन

द्ठ। राजेश बागचन — ल्यानकाउ, नेपाल

द्ड। दिपकराज तिमिल्सिना (अधिवक्ता) नेपाल राष्टिय दलित समाज कल्याण संघ

द्ढ। अशोक दर्नाल — दलितअधिकारकर्मी